## मिति २०८३/०५/०५ गते भएको गाउँ कार्यपालिकाको निर्णयहरु

**निर्णय नं १**

चालु आर्थिक वर्ष अन्तर्गत मिति २०८३ साल श्रावण १८ गते सम्पन्न भएको पहिलो कार्यपालिका बैठकले गरेको निर्णय कार्यान्वनको समिक्षा गरियो ।

**निर्णय नं २**

विभिन्न विषयगत शाखाहरुबाट पेश भएको उमाकुण्ड गाउँपालिकाको तपशिल बमोजिमको कार्यविधिहरु स्वीकृत गरि लागु गर्ने ।

तपशिल

(क) औषधि पसल (फार्मेसी) सञ्चालन अनुमति, अनुगमन र नियमन कार्यविधि २०८३,

(ख) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३,

(ग) बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण सम्वन्धी कार्यविधि २०८३,

(घ) निगरानीय समूह(सञ्चालन एवम् व्यवस्थापन) कार्यविधि २०८३,

(ङ) किशोरी समूह, सञ्जाल वृत्त गठन तथा परिचालन कार्यविधि २०८३,

(च) कृषि उपजमा कृषकलाई ढुवानी अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८३ ।

**निर्णय नं ३**

उमाकुण्ड गाउँपालिकाको तपशिल बमोजिमको कार्यविधिहरु संसोधन गरि लागु गर्ने ।

तपशिल

(क) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता स्वास्थ्य उपचार कोष स्थापना (दोश्रो संसोधन) कार्यविधि २०८३,

(ख) व्यवसाय दर्ता तथा नविकरण (पहिलो संसोधन) कार्यविधि २०८३ ।

**निर्णय नं ४**

उमाकुण्ड गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत करार, राहत, गाउँपालिका अनुदान शिक्षकको आर्थिक वर्ष २०८३/०८४ को तलवी प्रतिवेदन पारित गर्ने ।

**निर्णय नं ५**

उमाकुण्ड गाउँपालिकाको स्वीकृत दरवन्दी अन्तर्गत हाल रिक्त रहेको पदहरूमा बागमती प्रदेश अन्तर्गतको स्थानीय तहहरूमा स्थानीय सेवामा कार्यरत कर्मचारीहरू यस गाउँपालिकामा सरूवा भई आउन सहमतिको लागि निवेदन पेश गर्न १५ दिनको सूचना प्रकाशन गर्ने ।साथै यस गाउँपालिका तथा मातहतको निकायमा स्थानीय सेवामा कार्यरत कर्मचारीहरुलाई चालु आर्थिक वर्षमा यस गाउँपालिकाबाट अन्यत्र स्थानीय तहमा काज सरुवा तथा सरुवा भई जान सहमति नदिने ।

**निर्णय नं ६**

पालिकास्तरिय बाल उद्यान सहित श्रोत सिकाई केन्द्र श्री चण्डेश्वरी माध्यमिक विद्यालय उमाकुण्ड ४ प्रितिमा निर्माण गर्ने गरि कार्य प्रारम्भ गर्ने ।

**निर्णय नं ७**

उमाकुण्ड गाउँपालिकाको चालु आर्थिक वर्षमा पशुपन्छी विकास तर्फ स्वीकृत कार्यक्रमको कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं ८**

उमाकुण्ड गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम आवश्यक कागजात पेश गर्ने ब्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं ९**



उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

चालु आर्थिक वर्षमा उमाकुण्ड गाउँपालिकाको वडा नं ३, कुवुकाँस्थली र उमाकुण्ड ४, प्रितिमा कुकुर बन्ध्याकरण शिविर सञ्चालन गर्ने ।

**निर्णय नं १०**

बाम्ति आधारभूत अस्पतालको लागि फार्मेसी सहायक १, र स्टाफ नर्स १ जना करार सेवा मार्फत पदपूर्ति गर्ने गरि विज्ञापन प्रकाशन गर्ने ।

**निर्णय नं ११**

उमाकुण्ड गाउँपालिका र मातहतको निकायहरूको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन तयार गर्नको लागि परामर्श सेवा खरिद प्रक्रिया मार्फत कार्य अगाडी बढाउने गरि पूर्व स्वीकृति दिने ।

**निर्णय नं १२**

गाउँपालिका परिसर तथा गाउँपालिकाको स्वामित्वमा रहेको स्थानमा सरसफाइ गर्ने कार्यको लागि सरसफाईकर्मी ज्यालादारीमा लिने ।

**निर्णय नं १३**

चालु आर्थिक वर्षमा तपशिल बमोजिम हुने गरि वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

(क) ३ दिने वित्तिय साक्षरता कार्यक्रम

गुसेश्वर कृषि सहकारी संस्था लिमिटेड उमाकुण्ड ६

हरियाली कृषि सहकारी संस्था लिमिटेड उमाकुण्ड २

जागरण सहकारी संस्था लिमिटेड उमाकुण्ड १

(ख) १ दिने वित्तिय साक्षरता कार्यक्रम

वडा नं ३ का ४ वटा आमा समूह

वडा नं ५ का १ वटा आमा समूह

वडा न १, ३, ५, ६ र ७ स्थित आधारभूत विद्यालयहरु

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल